नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस बिज्ञप्ती

यस मन्त्रालयको कार्यसम्पादनका सन्दर्भलाई जोडेर एक राष्ट्रिय दैनिक पत्रिका एवं केही अनलाइन संचारमाध्यमहरुमा प्रकाशित समाचार प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । सुशासन, विधिको शासन एवं व्यवस्थित प्रणाली र मापदण्ड पालनामा यस मन्त्रालय सचेत छ ।

प्रशासनिक संघीयतालाई स्थापित गराउने महत्वपूर्ण भूमिकामा मन्त्रालय लागि परेको छ । समायोजन ऐन बमोजिमको समायोजन सम्बन्धी कार्य समयमै सम्पन्न भएता पनि संघीय निजामती सेवा ऐन हालसम्म पनि जारी नहुँदा सरुवा सम्बन्धी विषयलाई व्यवस्थित बनाउन केही समस्या पर्दै आएको छ । साथै प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सरुवा, बढुवा लगायतको नियमित गरिने कार्य समेतमा प्रभाव पुग्न गएको छ । स्थानीय तहको निर्वाचन पश्चात नवनिर्वाचित जनप्रतिनिधिहरुले आफू अनुकूलको कार्यवातावरण निर्माणका लागि साविककै कर्मचारीहरुलाई निरन्तरता दिन खोज्ने तथा अन्यत्र सरुवा गरी पठाउन खोज्ने प्रवृत्ति देखिएको छ ।एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा भै जाने कर्मचारीहरुको निवेदनको चाप पनि बढेकै छ । संघीय तहमा काम गर्ने कर्मचारीको समेत सरुवा मार्फत नयाँ स्थानमा जान चाहने प्रवृत्ति बढेको छ ।

मौजुदा कानूनको अवलम्बन गरी स्वचालित एवं चक्रिय सरुवा प्रणालीको अवलम्बन गर्न मन्त्रालय तयार रहेको र यस विधि सम्मत प्रक्रियामा सवै पक्षको सहयोग एवं समन्वयको अपेक्षा समेत गरिन्छ।कर्मचारीको सरुवा विशुद्ध प्रशासनिक विषय भएकोले संचार माध्यमहरुमा सम्प्रेषण गरिए जस्तो माननीय मन्त्रीज्यूको सचिवालयका कर्मचारी यस प्रक्रियामा संलग्न रहने कुनै गुञ्जायस नै रहदैन ।कर्मचारीको सरुवा कार्यमा यस मन्त्रालयको कुनै पनि कर्मचारी समाचारमा उल्लेख भए बमोजिमको गतिविधिमा संलग्न भएको आधार वा प्रमाण भएमा मन्त्रालय त्यस्ता कर्मचारी वा व्यक्ति माथि कानून बमोजिमको कारवाही गर्न सधै सचेत रहेकै छ ।राजनीतिक तथा प्रशासनिक नेतृत्व सरुवा जस्तो विषयमा कुनै अनियमितता नहोस भन्नेमा सजग छ। आमसञ्चार माध्यमले समेत सत्य र तथ्यमा आधारित रहि प्रेषित गरेका समाचारहरु सुधारका लागि सदैव पृष्ठपोषणका रुपमा रहेका हुन्छन। यस विपरितका तथ्यहिन समाचारहरुले कर्मचारीको मनोवल खस्काउँछ भन्नेमा सजगता पुर्याईदिनु हुन प्रेस जगतलाई मन्त्रालय हार्दिक अपिल गर्दछ ।

प्रवक्ता
संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

बसन्त अधिकारी
सह-सचिव